# लोक सेवा आयोग

## सूचना तथा प्रकाशन शाखा

### रा.प.अनं.द्वितीय श्रेणी, खरिदार वा सो सरहको पदमा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन सक्ने सम्भावित उम्मदेवारहरुका लागि सूचना

<u>सूचना नं.६१३/७०-७१</u>

मिति २०७०।११।२८ मा आयोगबाट रा.प.अनं.द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदको आन्तरिक प्रतिस्पर्धा समेतको विज्ञापन भएकोमा दरखास्त दिने र स्वीकृत गर्ने सन्दर्भमा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ७ (६) र निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को  नियम ८७ को प्रावधान पूर्व सूचनामा उल्लेख भै सकेको छ । यस विषयमा आयोगको निर्णय नं. १२५ मिति २०६६।५।१५ मा "निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा  (६) मा उल्लेखित रा.प.अनं. द्वितीय श्रेणीको आन्तरिक प्रतिोगिताद्वारा पूर्ति गरिने पदको लागि खुलातर्फ निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेका र सेवा अवधि पूरा गरेका सवै सेवा, समूहका कर्मचरीहरुको दरखास्त फाराम स्वीकृत गर्ने ।" भनी निर्णय भएको देखिँदा दरखास्त पेश गर्ने उम्मेदवारहरु र स्वीकृत गर्ने सवै निकायहरुले सोही अनुसार गर्न यो सूचना द्वारा थप प्रष्ट पारिएको जानकारी तथा आवश्यक कार्यार्थ यो सूचना प्रकाशित गरिएको छ ।